आज मिति २०८१ साल चैत्र २८ गते बिहिवारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री ~~मनोज साह~~ खेमराज रेग्मी | का.वा. वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामि | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

| | |
|---|---|
| श्री तिलक रावल | शाखा अधिकृत |
| श्री अमर सिं बवाल | योजना अधिकृत |
| श्री शिवराज गोसाई | इन्जिनियर |
| श्री सन्तोष सापकोटा | लेखापाल |

CamScanner

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, २०७४

## मिति २०८१/१२/२८ गतेको कार्यपालिकाको १५९ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क्र.स. | प्रस्ताव | निर्णय गर्नुपर्ने प्रस्तावको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | दोस्रो चौमासिक अवधिसम्मको खर्चको विवरण सार्वजनिक सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको दोस्रो चौमासिक अवधिसम्मको चालु तथा पुजिगत खर्चको अवस्था तथा यथासिघ्र योजना कार्यान्वयन गर्ने सम्बन्धमा समिक्षा गरी खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धमा छलफल गर्ने | |
| २. | सार्वजनिक सुनुवाई सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको चा.लु आ.ब.२०८१/०८२ को सार्वजनिक सुनुवाईको मिति निर्धारण गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ३. | एम्बुलेन्स सञ्चालन समितिको निर्णय अनुमोदन सम्बन्धमा । | त्रिवेणी गाउँपालकाको मिति २०८१/१२/१३ मा भएको एम्बुलेन्स सञ्चालन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ४. | योजना सम्झौता सम्बन्धमा । | चालु आर्थिक वर्ष २०८१/०८२ का योजना कार्यान्वयनको सम्बन्धमा प्राप्त विवरण अनुसार हाल सम्म ९६ वटा योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेका साथै अझै विभिन्न वडामा रहेका योजनाहरु सम्झौता समेत नभएको अवस्थामा कार्यान्वयन गर्न कठिन हुने भएको हुँदा मिति २०८२/०१/१५ गते भित्रमा योजना सम्झौता गरिसक्ने | |
| ५. | अन्तर गाउँपालिका स्तरिय समन्वय तथा सहकार्य सम्बन्धमा। | बागचौर नगरपालिकाको राष्ट्रपति रनिङ शिल्ड प्रयोजनका लागि त्रिवेणी गाउँपालिकाले निशुल्क रुपमा कबड्डी म्याट उपलब्ध गराइएको जानकारी सम्बन्धमा । | |
| ६. | गाउँपालिकाका नीति योजना कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक सवालहरुलाई प्राथमिकता दिनको लागि सम्पर्क व्यक्ति तोक्ने सम्वन्धमा । | गाउँपालिकाका नीति योजना कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक सवालहरुलाई प्राथमिकता दिनको लागि सम्पर्क व्यक्ति तोक्ने सम्वन्धमा छलफल गर्ने । | |
| ७. | आर्थिक सहयोग सम्वन्धमा । | -छत्रेश्वरी युवा क्लव शंखमुल सल्यानको आयोजनामा मिति २०८१ चैत्र २१,२२ र २३ गते सञ्चालन भएको खुल्ला पुरुष भलिबल तथा साँस्कृतिक र साहित्यीक कार्यक्रमको लागि आर्थिक सहयोग सम्बन्धमा छलफल गर्ने ।<br>- वडा नं. ६ सल्यान बस्ने मान बहादुर थापाको छोरा वर्ष ३५ को युवराज थापा वैदेशिक रोजगारको सिलसिलामा मिति २०७९ सालमा दुबई देशमा रहेको | |

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | होटेल हायतको स्वीमिङ्ग पुलमा लाईफ गार्डको रुपमा कार्यरत रहेको अवस्थामा कङ्गो देशको एकजना नागरिक स्वीमिङ गर्ने क्रममा स्वीमिङ पुलमै हर्टअट्याक भई मुत्यू भएकोले निज मृतकका परिवारले दुबई अदालतमा लाईफ गार्ड विरुद्ध मुद्धा दायर भई सो मुद्धामा अदालतबाट लाईफ गार्ड युवराज थापालाई दोषी ठहर गरी मृतकको हकवालालाई दूई लाख दिराम नेपाली रुपैया अक्षरुपि छहत्तर लाख ब्लड मनि बापत बुझाउनु पर्ने भएकोले सोको लागि गाउँपालिकाको तर्फबाट आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ८ | बजेट संशोधन सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको वडा र विभिन्न शाखाको बजेट संशोधन गर्ने । | |
| ९. | त्रिवेणी गाउँपालिकाको बेरुजु फछर्यौट सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको चालु आ.व. २०८०/०८१ सम्म कायम भएको कुल बेरुजु फछर्यौट गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| १०. | नदिजन्य पदार्थ उत्खन्न कार्य बन्द गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने सम्बन्धमा । | आर्थिक वर्ष २०८१/०८२ को ढुङ्गा गिट्टि बालुवा उत्खन्न सम्बन्धी आय ठेक्काको सम्झौता बमोजिमको नदिजन्य पदार्थ उत्खन्न कार्य सम्पन्न भइसकेको हुँदा नदिजन्य पदार्थ उत्खन्न गर्ने कार्य बन्द गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ११ | विविध सम्बन्धमा । | श्री महाकवि देवकोटा प्राथमिक विद्यालय त्रिवेणी गा.पा. २ काँरागिठी सल्यानमा विद्यालयले अभिभावकबाट स्रोत संकलन गरी तलब भुक्तानी दिने गरी नियुक्ति प्रदान गरेका शिक्षकको पछिल्लो समयमा घटदो विद्यार्थी संख्याको कारण स्रोत संकलन हुन नसकेको हुनाले २०८२ बैशाख देखि निजलाई अवकास दिने र हाललाई निजको २०८१ बैशाख देखि२०८१ चैत्र मसान्त र दशैं खर्च सहित १३ महिनाको रु.५०००। का दरले ६५०००।मध्येमा रु ५० हजारमा मात्र भुक्तानी दिने र निजलाई अवकास गर्न पत्राचार गर्ने सम्बन्धमा छलफल गर्ने ।<br>-नयाँ वर्ष २०८२ सालको अवसरमा शुभकामना आदान प्रदान गर्ने ।<br>- प्रशासकिय भवनको म्याद थप सम्बन्धमा । | |

प्रमाणित

२०८२।१।२८

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुर्मा, बझाङ
कर्णाली प्रदेश, नेपाल
२०७३

<u>निर्णयहरु</u>

<u>निर्णय नं. -१.</u> प्रस्ताव नं.१ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको दोस्रो चौमासिक अवधिसम्मको चालु तथा पुजिगत खर्चको अवस्था समिक्षा गर्दा चालु खर्च ५५.४४ प्रतिशत तथा पुजिगत खर्च २६.२३ प्रतिशत र जम्मा खर्च ४५.५५ प्रतिशत रहेकोमा बाँकी योजना कार्यान्वयनलाई प्राथमिकताका साथ यथासिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखा प्रमुखहरुलाई निर्देशन दिने तथा खर्चको विवरण सार्वजनिक गरी वेइबसाइटमा प्रकाशन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. -२.</u> प्रस्ताव नं. २ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको चा.लु आ.ब.२०८१/०८२ को सार्वजनिक सुनुवाईको मिति तपसिल बमोजिम निर्धारण गरी वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

| क्र.स. | सार्वजनिक सुनुवाई हुने स्थान | मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | २०८२/०१/१० | |
| २ | वडा नं. २ | २०८२/०१/१२ | |
| ३ | वडा नं. ३ | २०८२/०१/१६ | |
| ४ | वडा नं. ४ | २०८२/०१/१९ | |
| ५ | वडा नं. ५ | २०८२/०१/२३ | |
| ६ | वडा नं. ६ | २०८२/०१/२६ | |

<u>निर्णय नं. -३.</u> प्रस्ताव नं. ३ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालकाको मिति २०८१/१२/१३ मा भएको एम्बुलेन्स सञ्चालन समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. -४.</u> प्रस्ताव नं. ४ माथी छलफल गर्दा, चालु आर्थिक वर्ष २०८१/०८२ का योजना कार्यान्वयनको सम्वन्धमा प्राप्त विवरण अनुसार हाल सम्म ९६ वटा योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेका साथै अझै विभिन्न वडामा रहेका योजनाहरु सम्झौता समेत नभएको अवस्थामा कार्यान्वयन गर्न कठिन हुने भएको हुँदा मिति २०८२/०१/१५ गते भित्रमा योजना सम्झौता गरिसक्ने निर्णय गरियो ।

<u>निर्णय नं. - ५.</u> प्रस्ताव नं. ५ माथी छलफल गर्दा, बागचौर नगरपालिकाको राष्ट्रपति रनिङ शिल्ड प्रयोजनका लागि त्रिवेणी गाउँपालिकाले निशुल्क रुपमा कबड्डी म्याट उपलब्ध गराइएको जानकारी गराउदै आगामि दिनमा थप समन्वय तथा सहकार्य कायम गर्ने निर्णय गरियो।

<u>निर्णय नं. - ६.</u> प्रस्ताव नं. ६ माथी छलफल गर्दा, गाउँपालिकाका नीति योजना कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक सवालहरुलाई प्राथमिकता दिनको लागि सम्पर्क व्यक्तिको रुपमा महिला तथा वालवालिका शाखा प्रमुख वसन्ता खड्कालाई जिम्मेवारी दिने निर्णय गरियो।

(हस्ताक्षर)

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. - ७. प्रस्ताव नं. ७ माथी छलफल गर्दा, छत्रेश्वरी युवा क्लब शंखमुल सल्यानको आयोजनामा मिति २०८१ चैत्र २१,२२ र २३ गते सञ्चालन भएको खुल्ला पुरुष भलिबल तथा साँस्कृतिक र साहित्यीक कार्यक्रमको लागि रु.१० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

- वडा नं. ६ सल्यान बस्ने मान बहादुर थापाको छोरा वर्ष ३५ को युवराज थापा वैदेशिक रोजगारको सिलसिलामा मिति २०७९ सालमा दुबई देशमा रहेको होटेल हायतको स्वीमिङ्ग पुलमा लाईफ गार्डको रुपमा कार्यरत रहेको अवस्थामा कङ्गो देशको एकजना नागरिक स्वीमिङ गर्ने क्रममा स्वीमिङ पुलमै हर्टअट्याक भई मृत्यू भएकोले निज मृतकका परिवारले दुबई अदालतमा लाईफ गार्ड विरुद्ध मुद्धा दायर भई सो मुद्धामा अदालतबाट लाईफ गार्ड युवराज थापालाई दोषी ठहर गरी मृतकको हकवालालाई दुई लाख दिराम नेपाली रुपैया अक्षरुपि छहत्तर लाख ब्लड मनि वापत बुझाउनु पर्ने भएकोले सोको लागि गाउँपालिकाको तर्फबाट रु.२५ हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

- वडा नं. ६ निवासी मिन बहादुर बुढाथोकी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हर्चनकाँडा गोरेटो बाटो निर्माणका क्रममा सावेलले टाउकोमा लागि चोट पटक भई घाइते भएको हुँदा निजको उपचारको लागि रु १० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. - ८. प्रस्ताव नं. ८ माथी छलफल गर्दा, वडा र विभिन्न शाखाबाट पेश भएका तपशिल वमोजिमका शिर्षकमा रहेको रकम संशोधन गरी स्वीकृति दिने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रमको नाम | घट बजेट रकम | संशोधन भई बजेट थप हुने कार्यक्रम | थप बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय व्यवस्थापन वडा नं. ६ | ३४००० | विद्यालय स्तरीय खेलकुद कार्यक्रम | ३४००० | |
| २ | वडा कार्यालय व्यवस्थापन वडा नं. २ | ७५००० | वडा स्तरीय खेलकुद कार्यक्रम वडा नं. ६ | ७५००० | |
| ३ | अन्य कार्यालय संचालन खर्च | ५०००० | नाक कान र घाटी सम्बन्धी स्वास्थ्य शिविर | ५०००० | |
| ४ | पोषणमैत्री वडा घोषणा तयारी र कार्यक्रम | १०००००० | स्वास्थ्य चौकीका लागि अत्यावश्यक औषधि खरिद | १०००००० | |
| ५ | अन्य कार्यालय संचालन खर्च | ३००००० | जिल्ला स्तरिय क्रिकेट प्रतियोगिता | ३००००० | |

प्रमाणित २०८१/१२/२८

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कृषि प्रसार सेवा संचालन<br>माटो परीक्षण कार्यक्रम | ५०००० <br>२००००० | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | २५०००० | |
| ७ | व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम | २००००० | पञ्जिकरण शाखाका लागि बायोमेट्रिक खरिद | २००००० | |
| ८ | अनाथ तथा जोखिममा परेका बालबालिकाहरुको तथ्याकं सकंलन र प्रोत्साहन कार्यक्रम<br>-बालविवाह लैगिंक हिंसा र दुर्व्यवहार रोकथामका लागि सन्दर्भ सामाग्रीहरु प्रशारण गर्ने कार्यक्रम<br>-समाजसेवि र बालमनोविज्ञ सूचिकरण र नियुक्ति | १५००००<br>५००००<br>१००००० | जेष्ठ नागरिक संरक्षण तथा प्रवर्द्धन कार्यकममा थप | ३००००० | |
| ९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४००००० | मेशिनरी औजार खरिद | ४००००० | |
| १० | अन्य कार्यालय सञ्चालन खर्च | २००००० | इन्धन कार्यालय प्रयोजन | २००००० | |
| ११ | -लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैगिंक बजेट परीक्षण<br>- अशक्त तथा सडक नागरिकहरुको उद्धार र पारिवारिक पुनर्मिलन कार्यक्रम | १०००००<br>८०००० | पञ्चेबाजा खरीद र तालिम कार्यक्रम | १८०००० | |
| १२ | जनप्रतिनिधि तथा कर्मचारीहरुको अवलोकन भ्रमण वडा नं. २ | १५०००० | कृष्ण प्रा.वि शंखपिपल भवन मर्मत आयोजना | १५०००० | |

प्रमाणित

२०८०।१२।२८

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. - ९. प्रस्ताव नं. ९ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको चालु आ.व. २०८०/०८१ सम्म कायम भएको कुल बेरुजु १६ करोड मध्ये आर्थिक वर्ष २०८१/०८२ मा समपरिक्षणको लागि पेश भएको बेरुजुमा ४ करोड २६ लाख १३ हजार ७ सय ०४ मात्र बेरुजु फछ्र्यौट भएको जानकारी गराउदै यस कार्यालयमा रहेका पदाधिकारी तथा कर्मचारीको नाममा रहेको असुल उपर बेरुजु दाखिलाका लागि विभिन्न समयमा पत्राचार गर्दा समेत दाखिला नगरेको हुँदा निजहरुले पाउँने सेवा सुविधाबाट कटौति गरी फछ्र्यौट गर्ने निर्णय गरियो ।

निर्णय नं. - १०. प्रस्ताव नं. १० माथी छलफल गर्दा, आ.व. २०८१/०८२ को नदिजन्य पदार्थ उत्खन्न सम्बन्धी आय ठेक्काको निरज एण्ड दिप्सन निर्माण सेवा त्रिवेणी गा पा ३ सल्यान सँग सम्झौता भई उक्त निर्माण सेवाबाट विभिन्न समयमा घाट गद्धि गरी उक्त घाट गद्धिको विभिन्न समयमा प्राविधिक कर्मचारीद्वारा नापजाँच गरिएकोमा पछिल्लो पटक गरिएको घाट गद्धि नापजाँचको क्रममा उत्खन्न परिणाम बमोजिमको नदिजन्य पदार्थ घाटगद्धि गरिसकेको हुँदा घाटगद्धि गरिएको स्थानको नदिजन्य पदार्थ मात्र निकासी गर्ने गरी नदिजन्य पदार्थ उत्खन गर्ने कार्य बन्द गर्ने र सोको सूचना तालुक निकायमा सम्प्रेषण गर्ने निर्णय गरियो ।

निर्णय नं. - ११. प्रस्ताव नं. ११ माथी विविध सम्बन्धमा तपसिल वमोजिम निर्णय गरियो ।

क) श्री महाकवि देवकोटा प्राथमिक विद्यालय त्रिवेणी गा.पा. २ काँरागिठी सल्यानमा विद्यालय व्यवस्थापन समितिले अभिभावकबाट स्रोत संकलन गरी तलव भुक्तानी दिने गरी २०७२ सम्म नियुक्ति प्रदान गरेका शिक्षकको पछिल्लो समयमा घटदो विद्यार्थी संख्याको कारण स्रोत संकलन हुन नसकेको हुनाले २०८२ वैशाख देखि निजलाई अवकास दिने र हाललाई निजको २०८१ बैशाख देखि२०८१ चैत्र मसान्त र दशैं खर्च सहित १३ महिनाको रु.५०००। का दरले हुने ६५०००।मध्येमा रु ५०००० मात्र भुक्तानी दिई बाँकी रकम विद्यालयबाट व्यवस्थापन गरी निजलाई अवकास गर्न पत्राचार गर्ने सम्वन्धमा निर्णय गरियो ।

ख) त्रिवेणी गाउँपालिकामा हालै कर्णाली प्रदेश लोकसेवा आयोगबाट लेखा अधिकृतको रुपमा सिफारिस भई आउनु भएका श्री पुष्पकोमल वलीको मिति २०८१/१२/०१ गते कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट मिति २०८१/१२/०३ गते देखि २०८१/१२/२२ गते सम्मको सेवा प्रवेश तालिमको लागि पत्राचार भई कार्यपालिकाबाट स्वीकृति हुने गरी भ्रमण आदेश स्वीकृत गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

ग) त्रिवेणी गाउँपालिकाको प्रशासकिय भवनको म्याद सार्वजनिक खरिद नियामवली २०६४ को नियम १२० क. उपनियम ३, बमोजिम यस कार्यालयलाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी २०८२ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

प्रमाणित

[signature] २०८१/१२/२५

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत